जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक १५९ २०७९ साल माघ ९ गते सोमबार (23 Jan. 2023 Monday) मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : सम्भव छ सफा ... ३ पृष्ठमा : नेपालका ओटिटीमा किन ... ३ पृष्ठमा : 'कोभिड १९' मौसमी ...

# सरकारले तोकेको समर्थन मुल्यमा किसानले धान विक्रि गर्न नपाउँदा मर्कामा
## बिचौलियाले सस्तोमा धान खरीद गरि बढी मुल्यमा बिक्रि गर्दै



**दैनिक समाचारदाता**
**राजविराज, ८ माघ ।**

सरकारले धानको समर्थन मुल्य तोकेपनि किसानहरुले उक्त मुल्य नपाएपछि मर्कामा परेका छन् । सरकारले धानको समर्थन मुल्य ३ हजार १ सय २८ रुँपैया तोके पनि उक्त मुल्यमा किसानहरुले धान बिक्रि गर्न नपाउँदा मर्कामा परेका हुन् ।

विचौलियाहरुले एक महिना अघि सस्तो मुल्यमा धान खरिद गरि धानको कृत्रिम अभाव सृर्जना गरेका छन् । किसानबाट बिचौलियाहरुले २ हजार ३ सय देखि २ हजार ५ सय सम्म प्रति क्विन्टलका दरले धान खारिद गर्दै आएका छन् । विचौलियाहरुले हाल धानको मुल्यमा २५ प्रतिशत सम्म बढाएर वेच्न थालेका छन् ।

धानमा व्यापक चलखेल गरी मुल्य बढाएको भन्दै यहाँका उपभोक्ता, किसान लगायतका सरोकारवालाले गुनासो गर्न थालेका छन् । एक महिना अघि सरकारले ३ हजार १ सय २८ रुपैया समर्थन मुल्य कायम गरी नेपाल खाद्य संस्थान मार्फत खरिद गर्ने व्यवस्था मिलाएको थियो । तर सप्तरीका किसानहरुले आफ्नो जिल्लामा सरकारले तोकेको समर्थन मुल्य अनुसार धान बिक्रि गर्न पाएका छैनन् । जिल्लामा एउटा पनि सरकारी खाद्य संस्थान छैन् ।

यहाँका किसानहरु आफुले उब्जाएकार धान बिक्रि गर्न सिरहाको लहानस्थित खाद्य संस्थान पुग्नु पर्ने बाध्यता रहेको छ । यता एक साता सम्म धान खरिद गरेपछि लक्ष्य पुरा भएको भन्दै संस्थानले धान खरिद गर्न बन्द गरेपछी किसानहरुले मुल्य घटाएर २ हजार ३ सय देखि २ हजार ५ सय सम्म प्रति क्विन्टलका दरले केही मिलवाला तथा धानका व्यापारीलाई विक्री गर्न बाध्य भएका छन् ।

यति वेला धान किसानको हातबाट तीनै व्यापारी तथा मिलवालाहरुको हातमा गईसकेका कारण उनीहरुले मनपर्दी मुल्य निर्धारण गरी बेच्न थालेका हुन । अहिले बजारमा ३ हजार १ सय देखी ३ हजार २ सय प्रति क्विन्टल धानको मुल्य कायम गरी झण्डै २५ प्रतिशत सम्म मुल्य बढाइएको छ ।

एक महिना अघि सम्म सोना स्टिम चामल बजारमा प्रति केजी ४० रुपैया थियो भने अहिले ५२ रुपैया पुगेको छ । त्यस्तै ६५ रुपैया प्रति केजी पाईने जिरा चामल अहिले ८२ रुपैया प्रति केजी पुगेको राजविराज ४ का उपभोक्ता धनवीर साहले गुनासो पोखे ।

सप्तरी उधोग बाणिज्य संघका अध्यक्ष लालु प्रसाद अग्रवालले धानमा भईरहेको कालोबजारी र मनपरी मुल्य बेलैमा नियन्त्रण नगरे धान चामलको मुल्य चाडै नै थप आकाशिएर जाने बताउँछन् । उनले कोटा पुरा भएको भन्दै खाद्य संस्थानले थोरै समयमा धान खरिद कार्य बन्द गर्दा किसानहरु विचौलियाको चुंगलमा परेको र अर्को तर्फ उपभोक्ताले चर्को मुल्यमा धान, चामल किन्नु पर्ने अवस्था आएको प्रतिक्रिया दिएका छन् ।

सप्तरीमा कुल ६६ हजार १ सय ६२ हेक्टर क्षेत्रफल जग्गामा धान खेती हुन्छ । यस पल्ट कुल क्षेत्रफल खेतीयोग्य जग्गामा गरी ८१ प्रतिशत धान खेती भई कुल १ लाख ९८ हजार मेट्रिक टन धान उत्पादन भएको कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख राजेन्द्र प्रसाद यादबले जानकारी दिए ।

# सप्तरी काँग्रेसमा कार्य समितिको बैठक बारे असन्तुष्टि




**दैनिक समाचारदाता**
**राजविराज, ८ माघ ।**

नेपाली काँग्रेस सप्तरीमा कार्य समितिको बैठक बारे असन्तुष्टि देखिएको छ ।

जिल्ला सचिव सनतकुमार मण्डलले माघ ८ गते आइतबारका दिन आह्वान गरेको जिल्ला कार्यसमितिको बैठक उपसभापति फतेह मोहम्मद बिरामी भएपछि स्थगन गरिएको सूचना सामाजिक सन्जालका साथै सम्पूर्ण पदाधिकारीलाई फोनमार्फत जानकारी गराउँदा पनि आइतबारै जिल्ला सभापति रामदेव साहले एकलौटी ढंगबाट न्युन उपस्थितिमा बैठक बसाएको अर्का सचिव प्रभु नारायण चौधरीद्वारा जारि विज्ञप्तिमा उल्लेख छ ।

सो विज्ञप्तिमा काँग्रेसको विधान विपरीत सोही बैठकबाट सभापति साहले केही निर्णयहरु समेत पारित गरेको भन्दै उक्त

*बाँकी अन्तिम पृष्ठमा*

## जग्गा बिक्रिमा

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा विक्रीमा छ । जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क नं. ०३१-५३०४३४**

# दुई स्वतन्त्र मधेश प्रदेशसभा सदस्य जसपामा प्रवेश



**दैनिक समाचारदाता**
**राजविराज, ८ माघ ।**

मधेश प्रदेशका दुई जना स्वतन्त्र प्रदेशसभा सदस्य आइतबार जनता समाजवादी पार्टी (जसपा) नेपालमा प्रवेश गरेका छन् ।

मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा महोत्तरी ज़िल्ला क्षेत्र नः २ को २ बाट निर्वाचित स्वतन्त्र प्रदेशसभा सदस्य सुरिता साह र पर्सा निर्वाचन क्षेत्र नः ३ को १ बाट निर्वाचित स्वतन्त्र प्रदेश सांसद प्रमोद कुमार जैसवाल जनता समाजवादी पार्टी नेपालमा प्रबेश गरेका हुन् ।

उनीहरु दुबैलाई पार्टीका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवले खादा टिका लगाई पार्टी प्रवेश गराएका हुन् । उक्त अवसरमा मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादव, प्रतिनिधिसभा सदस्य राजकिशोर यादव, लगायतको उपस्थिति रहेको थियो । योसँगै मधेश प्रदेश सभामा जसपाको सीट संख्या १८ पुगेको छ ।

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईंकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## सम्पादकीय

# बस पार्क अझै अधुरै

राजविराज नगरवासीले विगत दुई दशकदेखी राजविराजस्थित राजदेवी बस पार्क निर्माणको पखाईमा बसेका छन् । पाँच/पाँच पटक शिलान्यास भईसकेको बहुचर्चित बस पार्कको अझै निर्माण कार्य सम्पन्न भइसकेको छैन । मानौ 'बिरबलको खिचडी' पाकिरहेको अवस्था जस्तै । यस्तो अवस्था भने यहाँका जनप्रतिनिधीदेखी स्थानिय पालिकाका लागी लाजमर्दो अवस्था हो ।

बस पार्क निर्माणको ठेक्का पाएको कम्पनीले समयमै निर्माण कार्य सम्पन्न गर्न नसक्दा यस्तो अवस्था आएको भन्दै सम्बन्धी निकायले आजसम्म पन्छिदै आएको छ । वर्षौदेखी नगरको मुख्य सडकमा धुलो उडाउँदै गरेका सवारी साधनहरु विकल्प नहुँदा सडक किनारमै पार्किङ्ग गर्ने र संचालन गर्दै आएका छन् । तर पनि जनप्रतिनिधीको आँखाले हेर्न र कानले सुन्न नसक्नु घोर निन्दनीय छ ।

तसर्थ अब पनी बस पार्कलाई द्रुत गतिमा निर्माणका लागि खबरदारीका साथै सम्बन्धीत निकायले तदारुक्ता देखाउनु आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सम्भव छ सफा नेपाल

**खेम शर्मा**
काठमाडौं, ८ माघ (रासस) ।

तपाइँ बिहान स्वस्थ श्वास फेर्दै आफ्नो विस्ताराबाट उठ्नु हुनेछ र आफैं बिस्तारा मिलाएर सफा घरबाट 'मर्निङ वाक'का लागि निस्कनुहुनेछ । बाहिर निस्केपछि तपाइँ सफा भइसकेको बाटो र टोलका सफाइ मजदुरलाई धन्यवाद दिँदै अगाडि बढ्नुहुनेछ । 'मर्निङ वाक'बाट फर्केपछि सफा बाथरुममा नुहाई आफ्नो काम गर्ने स्थानमा पुग्दा घर जत्तिकै सफा पाउनुहुनेछ र सफा विचारले आफ्नो सुन्दर जिम्मेवारी पूरा गर्नुहुनेछ । हरेक साँझ आरामको निद्रा पाउनुहुनेछ तपाइँ आफैंले बिहान ठिक हालतमा राखेको बिस्तारामा । तपाइँ हरेक राति सफा र सकारात्मक विचार लिएर सुत्नुहुनेछ र मिठो निद्रा निदाउनुहुनेछ । अनि बिहानको दैनिकी पनि माथिजस्तै सुरु हुनेछ ।

नेपालका हिमाल पहाड तराईका हरेक बस्तीमा सफा र 'अर्ग्यानिक' भोजनालय हुनेछन् । त्यहाँ सफा र मिठो खाना खान पाइनेछ । सेफहरूले पाहुनालाई सफा भान्सा देखाउनेछन् ( विदेशतिर हिजोआज 'ओपन किचेन' भन्ने गरिएको) र मिठो खाना पस्कनेछन् । सफा ठाउँमा बसेर मिठो खाना खाने पाहुनाको मिठो सपना पनि पूरा हुनेछ । यही हो हाम्रो स्वच्छ नेपाल, जहाँ विद्यालयका छात्रछात्रा, कार्यालयका महिला कर्मचारी र आफ्नो काममा हिँडेका बटुवा महिला सफा शौचालयमा शौच गर्न पाउने भएकाले घरबाट पर्याप्त पानी पिएर यात्रामा निस्कनेछन् । गुडिरहेको गाडीबाट कुनै यात्रुले फोहर जथाभावी फाल्ने छैनन् । सार्वजनिक स्थानमा अनिवार्य फोहर सङ्कलन गर्ने टोकरी ( बिन) हुनेछन् र ती नियमित तालिकाअनुसार खाली र सफा गरिएको हुनेछ । सङ्कलित फोहर खेर फालिने छैन । सबै घर, कार्यालय, विद्यालय, स्वास्थ्यचौकी, कलकारखानाको फोहर बस्तीभन्दा अलि टाढा कुहिने र नकुहिने गरी अलगअलग टोकरीमा छुटयाएर राखिने छ । कुहिने फोहरले मल र ऊर्जा उत्पादन गरी गाउँघर मलिलो र उज्यालो बनाइनेछ भने नकुहिने वस्तुको उचित सदुपयोग गरी पुनःप्रयोग गर्न मिल्ने बनाइनेछ ।

देश जोड्ने लामा, छोटा राजमार्गका समुचित दुरीमा सफा शौचालयहरू हुनेछन् । एउटा गाउँसहरको फोहर अर्को गाउँसहर बोकेर लैजानुपर्ने छैन । भवन, नदी, खोलानाला, करिडोर सबै सफा, सुन्दर र प्राकृतिक बासनादार हुनेछन् । श्रदालुहरूका लागि मठ, मन्दिर, चैत्य गुम्बा, चर्च सबै उनीहरूका मन जस्तै सफासफा हुनेछन् । अनि हामी भन्नेछौं- यही हो हाम्रो स्वच्छ सफा नेपाल, हाम्रो देश ।

हरेक धाराको पानी हिमालको जस्तै निस्फिक्री पिउन मिल्नेगरी सफा हुनेछ । हरेक हिमाल उक्लँदा र ओर्लंदा हामीले मानव निर्मित फोहरका भारी निर्दोश हिमाललाई बोकाउने छैनौं । हाम्रो देशमा जन्म लिने हरेक शिशुले सफा र स्वस्थ सासको झोक्का लिनेछन् । सफा हुनेछ हाम्रो धर्ती । हाम्रो माटो र मातृभूमि । सरसफाइका लागि हामीसँग व्यावहारिक कानुन र नियम हुनेछन् र ती नियमहरू हामी कसैलाई दण्डित गर्न लागू हुने छैनन् । किनभने विना दण्ड जरिबाना नै सफा नियम सफा नियतमा बद्लिनेछन् र हाम्रो समाज सदा सफा रहनेछ । त्यसैले सम्भव हुनेछ सफा समाज अनि सफा नेपाल ।

माथि व्यक्त विचार कल्पना र भावनाका उपज होइनन् । नत यी कुनै साहित्यिक रचना नै हुन् । यी पूर्णरुपले सम्भव विचार मात्र हुन् । किनभने हामीले 'सफा नेपाल सम्भव छ' भनेर सोच्नुको कारण पनि यही हो कि यो निसन्देह सम्भव छ । यो आधुनिक यान्त्रिक विज्ञानको जटिल अनुसन्धान नभएर हाम्रो नियमित जीवन शैलीलाई नियमन गरेर हाम्रो स्वस्थ्य मन र हृदयले खोजेको र गर्नसक्ने काम हो, सुन्दरता कल्पना मात्रै होइन ।

एउटा बहस गरौं- नेपालको गाउँदेखि सहरसम्म व्याप्त फोहरमैलासहितका समस्यासँगै समाधानका सम्भावना खोज्ने के हुन सक्छन् ? यसका सम्भव र सकारात्मक उपायहरू किन अवलम्बन नगर्ने ? यो बहसले एकल प्रयासभन्दा माथि उठ्दै सामूहिकरुपमा अठोट गर्ने अवस्था सिर्जना गर्नेछ । यदि यसो भयो भने विश्वका उत्कृष्ट सफा सहर र देशमा नेपाललाई समाहित गर्न किन धेरै समय पनि लाग्नेछैन ।

फोहर व्यवस्थापन र फोहर पानी शुद्धीकरणसँगै पर्यावरणीय कामहरूका आधारमा सफा देशको सूचीकरण हुने गर्छ । सन् २०२३ लाग्नेबित्तिकैको ग्लोबल सफा इन्डेक्सअनुसार विश्वमा स्विट्जरल्याण्ड सफा देशको अग्रस्थानमा छ भने नेपाल 'टप १००' देश भित्रको सूचीमा पनि छैन । जबकि कुनैबेला विश्वकै बढी फोहर भएका देशको सूचीमा रहेर चिनिएका कतिपय देशहरूले एक दशककै प्रयासमा आफ्नो देशलाइ सफा देशको सूचीमा राख्न सफल भएका छन् । सफा सूचीको ४२औं स्थानमा रहेको कोलम्बिया र ७०औं स्थानमा रहेका श्रीलङ्काबाट नेपालले धेरै कुरा सिक्न सक्छ । यी देशहरूले पछिल्ला २० वर्षमा फोहर व्यवस्थापन र पानी शुद्धीकरणमा सुरक्षा क्षेत्रमा जति नै लगानी गरेको पाइन्छ ।

सफा नेपाल सम्भव बनाउनका लागि हामी नेपालीमा रहेको बेवास्ता, लापर्वाही तथा समस्याकैबीचमा सम्झौता गरेर बाँच्ने स्वभाव भने परिवर्तन गर्नैपर्छ । यो परिवर्तन सरकारमा बस्नेदेखि प्रतिपक्ष र तटस्थ बस्नेसम्म सबैमा समान ढङ्गले आउनु आवश्यक छन् । नेपाल प्रकृतिले दिएका अनुपम सम्पदाहरूले भरिपूर्ण देश हो । विश्वका मानिस नेपाललाई प्रकृतिको स्वर्ग भन्छन् । हामीसँग विश्वमा अरु कसैसँग नरहेको हावा, पानी र वनौषधिहरू छन् । हाम्रा हिमालमा स्वस्थ, सफा र स्वच्छ हावापानी छ । अधिकांश नदीहरू हिमालबाटै उत्पत्ति भएर बगेका छन् । पर्यावरणका यति धनी हामी सरसफाइका मापदण्डमा विश्वसामु सफा परिचयको पर्याय बन्न भने सकेका छैनौं । संसारकै सफा देशको सूचकाङकको सर्वाधिक अग्रस्थानमा उभिन नसक्नु पक्कै पनि खुसीको कुरा होइन ।

**आफ्नो कथा आफ्नै अनुभव**

'सम्भव छ सफा नेपाल' अभियानको सुरूआत हामी आफ्नै अनुभवबाट गर्न चाहान्छौं । यहाँहरू धेरैलाई थाहा छ या बिर्सिनु भयो केही वर्षअघि अस्ट्रेलियाबाट नेपाल फर्कदा हामीले नेपालको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलामा गरेको सफाइ अभियानको चौतर्फी प्रशंसा भएको थियो । त्यो सफाइबाट हामीले सफाई कस्तो हुन्छ भन्ने एउटा नमुना नै प्रस्तुत गरेका थियौं । अन्तर्राष्ट्रिय विमानस्थल विश्वका नागरिक नेपाल आउने र फर्किने प्रवेशद्वार भएकाले हामीले सबैसामु सफाइको नमुना पेस गर्न पनि विमानस्थल छानेका थियौं । पहिलो पटक नेपाल अएको कोही विदेशीले नेपाल प्रवेश गर्नासाथ उसलाई हाम्रो देशप्रतिको दृष्टिकोण राम्रो बन्न सकोस् भनेर पनि हामीले त्यो काम गरेका थियौं ।

त्यो हाम्रो कामबाट हामीले प्रशंसा पाएपछि अर्थात् सबैले राम्रो मानिदिनुभएपछि हामीले नेपालका सबै सम्माननीयसहित तीन सयभन्दा बढी राष्ट्रिय व्यक्तित्वको हस्ताक्षर सङ्कलन गरी तत्कालीन प्रधानमन्त्रीलाई बुझाएपछि नेपाल सरकारले विसं २०७५ लाई राष्ट्रिय सरसफाइ वर्ष घोषणा गरेको थियो । त्यसपछि नेपालको पर्यटन मन्त्रालयले सन् २०२० मा नेपालका दुई दर्जन विमानस्थलको सरसफाइको अनुगमनको जिम्मेवारी दियो र त्यो पनि हामीले नै सफलतापूर्वक सम्पन गरेका थियौं । मलाई लाग्छ देशका विभिन्न विमानस्थलमा एक हदसम्मको सफाइको मापदण्ड हामीले स्थापित गराएका थियौं । तर विमानस्थल प्रशासनहरूले त्यो गुणस्तरलाई कायम राख्न भने नसकेका देखिएकै छ ।

सरसफाइको अनुगमनपछि नेपालमा सरसफाइको खास समस्याको सम्बोधन गर्न २०२२ मा नेपाल सरकार पर्यटन मन्त्रालयको आयोजनामा हामीले सफाइकर्मीहरूका लागि आफ्नो पेसाप्रति गौरव गर्ने र सीपको मूल्याङ्कन हुनेगरी पहिलो पटक तालिम सञ्चालन गर्यौं । हाम्रो यो अभियानबाट हाल एक हजारभन्दा बढी मजदुर तालिमप्राप्त भइसकेका छन् र उनीहरू आआफ्नो काममा छन् । हामी चाहन्छौं हरेक वर्ष राष्ट्रपतिले प्रदान गर्ने विभूषणमा अब सफाइकर्मीको पनि सम्मान हुनुपर्छ । सफाइकर्मी आफ्नो पेसाप्रति गौरव गर्न थालेका छन् र उनीहरूसँग यो पेसासँग समबन्धित सीप भएको प्रमाणपत्र छ । यसरी हेर्दा त लाग्छ नेपाली समाजले सफाइकर्मीहरूलाई हेर्ने दृष्टिकोणमा नै परिवर्तन आएको छ । हिजोको सफाइकर्मीको परिभाषा आज बदलिएको छ ।

**सम्भव छ समाधान**

सरसफाइको बहस नेपालको चुलोचौकादेखि सर्वोच्च निकायसम्म स्थापित गरिसकेपछि अब सफा नेपाल यसरी सम्भव छ भन्ने कुरातिर लागौं । नेपाल प्राकृतिकरूपमा सफा र उज्यालो छ तर यहाँका धेरैजसो मानवबस्ती भने फोहर र दुर्गन्धित छन् । हामीले स्वीकार गर्नैपर्ने तीतो सत्य हो यो । नेपाललाई अझै पनि सुनको चराको उपमाले चिनाउँदा कुनै गल्ती हुदैन । यहाँका प्राकृतिक बैभव र धर्म संस्कृतिभित्रका रैथाने भाषा, साहित्य एवं पहिचान, अतिथि सत्कार आफैंमा दुर्लभ सौन्दर्य हुन् । तर खानपानदेखि बसाइ व्यवस्थापनसम्मका क्षेत्रमा हामीले सिक्न नपर्ने कुरा विदेशी राष्ट्रहरूको सिको गर्नाले र सिक्नपर्ने कुरा नसिक्नाले हामीले अव्यवस्था र फोहर मात्र निम्त्याएनौं उल्टै आफ्नोपनबाट नै हामी विमुख हुँदैछौं ।

हाम्रो देशमा अझै पनि नीति निर्माणको तहमा हेर्ने हो भने सरसफाइलाई पहिलो प्राथमिकतामा राखेर नीति बन्दैनन् । नत यो प्राथमिकताबाट योजना र कार्यक्रमहरू नै बन्छन् । हाम्रो देशको राजधानी, अन्य सहर वा गाउँ होस् वा गल्ली वा इलाका होस्, जहाँ पनि फोहर जथाभावी फालेको पाइन्छ । हाम्रो देशलाई विकासको सूचकाङ्कमा माथि उठाउन नदिने धेरै तत्व र वस्तुहरूमध्ये फोहरको अव्यवस्था पनि एक हो भन्दा फरक पर्दैन । किनभने फोहरकै कारण हामीकहाँ आएका विश्वका महङ्गा र महत्वपूर्ण पाहुनाहरू दोहोर्याएर आउन नरुचाएको पनि हुनसक्छ । के यसतर्फ हामीले सोचेका छौं ? के यस्ता विषयमा अनुसन्धान गर्न हामीले फुर्सद र स्रोत निकाल्न सकेका छौं ? अहँ, छैनौं ।

दुःखका साथ भन्नुपर्छ, यहाँ धेरैले धेरै कुरा गरे पनि देशलाई पूर्णतया स्वच्छ बनाउन सफा सपना भयको व्यक्ति अझै भेटिएको छैन । पाँच वर्ष लगातार टिक्न नसकेका हाम्रा दर्जनौं सरकारले सरसफाइका क्षेत्रमा सामान्य कुरा मात्रै गरेका छन् तर एउटा ठोस काम भने गरेका छैनन् । मलाई लाग्छ आज मैले यसो भन्नु भनेको आरोप नभएर खबरदारी मात्र हो । विगतमा यी विषयमा राष्ट्रियस्तरका योजना नबनेका होइनन् र अभियान नचलेका पनि होइनन । तर यसले निरन्तरता पाएको देखिएन । सहर र बस्तीका हरेक स्थानमा फोहर सङ्कलन गर्ने टोकरी (बिन) राख्ने कुरा गरियो र राखियो पनि । तर त्यो बिनभित्रको फोहर त्यहाँबाट भोलिपल्टै अर्थात् दैनिक हटाउनेबारेमा भने सोचेको देखिएन ।

आज पनि हाम्रो देशका गाउँमा थोरै घरमा मात्रै शौचालयको सुविधा छ । आज पनि मानिस गाउँघरमा दिसा गर्न खुला स्थलमा बाहिर निस्किने चलन कतैकतै देखिएकै छ । प्लास्टिकका झोला र बोटलहरू गाउँघर, खेतीपातीसम्मै पुगेका छन् । सहरको कुरा गर्ने हो भने पर्याप्त सार्वजनिक शौचालय नै छैनन् । शौचालय भए पनि सफा छैनन्, उल्टै रोग भित्र्याउने किराहरू बग्रेल्ती देखिन्छन् । कलकारखानाबाट निस्कने फोहर, ढल, घरेलु फोहर धेरै छ तर यसको लेखाजोखा नै छैन । यस्तो फोहर सडकमा यति धेरैमात्रामा अव्यवस्थित छ कि कतैकतै त हाम्रो देशको सडक नै देखिँदैन, फोहर मात्रै देखिन्छ । त्योभन्दा दुःखको कुरा त यो फोहर हाम्रा पवित्र नदीमा पनि बग्छ । सरकारको अनुहार देखिने सरकारी निकाय वा मन्त्रालय गयौं भने शौचालय सोध्न पर्दैन, गन्धबाटै भेउ पाउन सकिन्छ । शौचालय दाया कुनामा छ कि बायाँ नाक थाप्दै जाँदा आफैं भेटिन्छ ।

नेपालमा अर्बौं लगाएर निर्माण भएका भवन उद्घाटन गर्दा थुप्रिएको फोहर अर्को दिनसम्म सफा नभएका उदाहरण

*बाँकी तीन पृष्ठमा*

# नेपालका ओटिटीमा किन छैन आफ्नै कन्टेन्ट ?

काठमाडौं, ८ माघ (रासस)।

ओटिटी (ओभर द टप) प्रतिको आकर्षण कोभिड-१९ नियन्त्रणका लागि गरिएको लकडाउनका समयमा बढ्यो। घरमै रहन बाध्य दर्शकले मनोरञ्जनको विकल्पका रुपमा 'डिजिटल प्लेटफर्म' रोजे। अन्तर्राष्ट्रियरुपमा बजारमा स्थापित नेटफ्लिक्स, अमेजन प्राइम भिडियो, डिज्ने प्लस हटस्टार, जी फाइभ, सोनी लिभलगायत 'ओटिटी प्लेटफर्म' दर्शकका प्रिय बनिरहँदा नेपाली एप भने ओझेलमा रहे।

नेपालमा समेत विदेशी ओटिटीका प्लेटफर्मतर्फ बढ्दा नेपालमै रहेका आइफ्लिक्स, भिडियो पसल, सिनेमाघर जस्ता एपले भने धेरै दर्शक तान्न सकेनन्। नेपाल राष्ट्र बैंकले पाँच सय डलरसम्म वार्षिकरुपमा खर्च गर्न मिल्नेगरी कार्ड उपलब्ध गराए पनि विदेशी एपमै दर्शक बढ्दै आएका छन्। आइफ्लिक्स र चलचित्र टिमीले सफलता नपाए पछि बन्द नै भए।

नेपालमा सन् २०१६ देखि सुरू भएको एप सिनेमाघरले सब्स्क्रिप्सनको सुविधा हटाएर फिल्मअनुसार भुक्तानी गरेर हेर्न मिल्ने बनाएको यसका अध्यक्ष खगेन्द्र लामिछानेले जानकारी दिनुभयो।

अभिनेता, निर्माता, लेखकसँगै पछिल्लो फिल्म 'पानीफोटो' मार्फत निर्देशक बन्नुभएका लामिछानेले सिनेमाघर एपसँग सन् २०१८ मा जोडिनुभएको थियो।। "हामीले नयाँ फिल्म ल्याउदा दर्शक बढछन्। फिल्मले पनि राम्रो आमदानी गरिरहेका छन्", अध्यक्ष लामिछानेले भन्नुभयो, "हामीले आफ्नै कन्टेन्ट ल्याउने तयारी गरिरहेका छौं। यद्यपि त्यसको लाइनअप पूरा नहुँदासम्म आँट गरेका छैनौं।" उहाँका अनुसार वार्षिक क्यालेन्डर बनाएर मात्र आफ्नै 'कन्टेन्ट' ल्याइने छ। यसरी तयारी गर्दा कुनै एक 'कन्टेन्ट' असफल हुँदा अन्यले दर्शकलाई 'होल्ड' गर्ने उहाँको बुझाइ छ।

आइफ्लिक्स र भिडियो पसल सञ्चालन गरिसक्नुभएका ओमप्रकाश अग्रवालले भने पाइरेसीको समस्याले ओटिटीमा जोखिम रहेको बताउनुभयो। "पाइरेसी गर्नेलाई कडा कारबाही नभएसम्म कन्टेन्ट सुरक्षित हुँदैनन्", सञ्चालक अग्रवालले भन्नुभयो। 'ओएसआर प्ले' नामक एपको तयारी गरिरहनुभएका सञ्चालक अग्रवालसहितको टोलीले ओएसआर डिजिटल टिम भिडियो पसलमार्फत फिल्म दर्शकमाझ पुऱ्याइरहेको छ।

अध्यक्ष लामिछानेले पाइरेसीसम्बन्धी शिक्षाको कमीले यस्तो भइरहेको बताउनुभयो। "पक्राउ परेपछि ख्यालख्यालमै चलचित्र पाइरेसी गरिएको भन्ने सुनिन्छ। यससम्बन्धी चेतना फैल्याउनुपर्छ", उहाँले भन्नुभयो। डिजिटल बजारलाई सघाउन चलचित्र विकास बोर्डले नियमन गर्ने र सञ्चालन गर्ने कार्यविधि तयार गरिरहेको सदस्य फणिन्द्र कटवालले जानकारी दिनुभयो। "ओटिटी सम्बन्धि कार्यविधि बनाएर नै हामीले काम अगाडि बढाउने सोच बनाएका छौं", उहाँले भन्नुभयो।

### सम्भव छ ...

पनि धेरै छन्। सत्तामा कसरी पुग्ने भन्ने खेलका समाचारहरू दिनदिनै पढ्न पाइन्छ तर देशको स्वास्थ्य र सभ्यतासँग जोडिएको सरसफाइका बारेमा नेताका एजेन्डा जनताले सुन्न पाएका छैनन्। कतै घोषणापत्रमा सुनेका भए पनि व्यवहारमा देख्न पाएका छैनन्। यस्तो लाग्छ कि नेपालमा सरसफाइ भनेको केही सफाइकर्मीको रोजगारीसँग र केही अभियानताको अभियान सँगमात्रै जोडिएको सामान्य विषय मात्र हो।

देश सफा गर्ने जिम्मा सफाइकर्मीको मात्र हुँदै होइन। सरकारको नीति र आम नागरिकको भूमिका प्रमुख विषय हुन्। यसका लागि हामीले हाम्रो सोच नै परिवर्तन गर्नुपर्छ। सोच परिवर्तन गर्न सही नीतिका साथ एउटा स्पष्ट योजना र पुनपुर्ने लक्ष्य निर्धारित हुन आवश्यक छ। नीति निर्माण गर्दा निर्धारण गरिएका मापदण्डअनुसारको परिणाम देखिनुपर्छ। यी नीतिको अभ्यास नै हुन सकेन, कार्यान्वयनको त झन् के कुरा गर्नु।

**निष्कर्ष : सरसफाइ प्राधिकरण**

सरकार र नागरिकस्तरमा सरसफाइ अभियानहरू उद्देश्य प्राप्त नभएसम्म निरन्तर चलिरहनुपर्छ। त्यसका लागि सरसफाइ मात्रै हेर्ने अधिकार सम्पन्न प्राधिकरण बनाउन आवश्यक छ। उक्त प्राधिकरणले नेपालको सरसफाइको आजसम्मको अवस्थाको मूल्याङ्कन गरेर भविष्यमा नेपालले गर्नुपर्ने स्पष्ट मार्ग चित्र बनाएर लागू गर्नसक्छ। 'सफा नेपाल सम्भव' बनाउन यस विषयका विज्ञ, अभियन्ता र जिम्मेवार सरकारी निकायको सहभागिता रहने उक्त प्राधिकरण बन्नु नै अहिलेको महत्वपूर्ण आवश्यकता हो। यो बनाउन ढिला गर्नु पनि हुँदैन।

द्वन्द्वपछिको समाजमा एकता, शान्ति र स्थिरता कायम गर्न सत्यनिरुपण तथा मेलमिलाप आयोग बने जस्तै सरसफाइको हिसाबले प्राचीनताबाट आधुनिकतातर्फ गइरहेको नेपाली समाजको सफा मानचित्र निर्माण गर्ने एकमात्र उपाय सरसफाइ प्राधिकरण हो। उक्त प्राधिकरणले माथि देखिएको 'सफा नेपालको सुन्दर सपना' पूरा गर्न कम्तीमा निम्न चार काम गर्नेछ। स्पष्ट सरसफाइ नीति निर्माण, कार्यान्वयनको ठोस विधि र मूर्त संयन्त्र निर्माण, तत्काल कार्यान्वयन र प्रत्यक्ष तथा परिणाममुखी अनुगमन। यी चार कामकाबारेमा विस्तृत् व्याख्या गर्न हामीले समयमात्र लगानी गर्नुभन्दा पनि योजना निर्माणमा लाग्दा सफा नेपाल सम्भव हुनेछ। यी र यस्तै अन्य एजेण्डाहरूमा बहस त हामी गर्ने नै छौं। तर सफा जमिनमै उभिएर सफा श्वास फेर्दै बहस गर्न पाए कति जाति हुन्थ्यो होला ?

## जनकपुरधाममा अन्तर्राष्ट्रिय स्तरको व्यापारिक मेला हुने

महेन्द्रनगर (धनुषा), ८ माघ (रासस)।

मधेस प्रदेशको राजधानी जनकपुरधाममा पहिलो पटक अन्तर्राष्ट्रियस्तरको 'जनकपुरधाम व्यापार मेला २०७९' आयोजना गर्न लागिएको छ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापारी तथा प्रतिष्ठानलाई एउटै छानामुनि सहभागी गराई अनुभव आदानप्रदान तथा व्यापारको नयाँ आयाम एवं सम्भाव्यता सिर्जना हुने आशाका साथ व्यापारिक मेलाको आयोजना गर्न लागिएको जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष जितेन्द्र महासेठले बताउनुभयो।

मेलामा स्वदेशी तथा स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने प्रमुख उद्देश्यलगायत सार्क राष्ट्र भारत, पाकिस्तान र बङ्गलादेशका विभिन्न क्षेत्रका व्यापारीको पनि सहभागिता रहने आयोजक महासेठले बताउनुभयो।

औद्योगिक अवसरको सम्भावित अध्ययन तथा क्षेत्रीयस्तरमा लगानी गरी विदेशबाट आउने व्यापारी तथा उद्योगीलाई प्रोत्साहित गरी स्थानीय तथा अन्तर्राष्ट्रिय व्यापारिक सम्बन्धमा विस्तारका लागि सहकार्य गरिने अध्यक्ष महासेठले आइतबार जनकपुरधाममा पत्रकार सम्मेलनमा बताउनुभयो।

महासेठले पत्रकार सम्मेलनमा यस बृहत् मेलाले पर्यटन विकासमा समेत टेवा पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो। आगामी फागुन ५ देखि १४ गतेसम्म जनकपुरधामस्थित तिरहुतिया गाछी परिसरमा आयोजना हुने जनकपुरधाम व्यापार मेलामा एक सय ५० भन्दा बढी कक्ष रहनेछन्। उक्त मेलामा एक लाखभन्दा बढी अवलोकनकर्ताको आगमन हुने अपेक्षा गरिएको सङ्घका महासचिव मनोजकुमार साहले बताउनुभयो।

कार्यक्रमको मुख्य आयोजक जनकपुरधाम उद्योग वाणिज्य सङ्घ तथा सहआयोजक सिया इभेन्टस रहेको छ। व्यापार मेलामा पाइने विशेष सामानमा अटोमोबाइल्स, गार्मेन्टस, कन्स्ट्रक्सन बैंक, होम सप्लायर्स, हेल्थ एन्ड फिटनेस, छालाजन्य उत्पादन, किचेनवेयर तथा यस क्षेत्रका स्थानीय एवं नवीनतम उत्पादन रहने सङ्घका वरिष्ठ उपाध्यक्ष मनिस साहले बताउनुभयो।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाइने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल.** गोबर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी पाकेको गोबर मल प्रयोग गने वा १७ के.जी डि. ए.पी र १ के.जी यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्वारमा जाली राखेर)।

माछा भुरा फिंगरलिङ्गको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी १ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी २ | स्टोकिङ्ग डेन्सिटी ३ | स्टोकिङ्ग डेन्सिटी ४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रहु | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु<br>नैनि | पानीको मध्य भागदेखी पिंध सम्म<br>पानीको पिंधभागमा | डिट्रिटस, दाना<br>सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुर्के भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोबाईल नं. ९८५२८२०९३५


# विश्व समाचार

## 'कोभिड १९' मौसमी इन्फ्लुएन्जा

टोकियो, ८ माघ (रासस/एएनआई)।

जापानका प्रधानमन्त्री फुमियो किशिदाले देशले कोभिड-१९ लाई मौसमी इन्फ्लुएन्जाको श्रेणीमा झार्ने विचार गरिएको जानकारी दिनु भएको सीएनएन समाचार समितिले जनाएको छ।

किशिदाले यस कदमको नतिजा हेर्न आफ्नो प्रशासन र स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिएको बताउनु भएको छ। जापानमा अझै पनि प्रति दिन एक लाख कोरोनाभाइरस सङ्क्रमणहरु देखा पर्ने गरेको सीएनएनले जनाएको छ।

जापानमा हाल कोभिडलाई दोस्रो श्रेणी दिइएको छ। यस श्रेणी क्षयरोग र एभियन इन्फ्लुएन्जा बराबर छ। यसबाहेक, अधिकारीहरूले यसलाई मौसमी इन्फ्लुएन्जाको बराबरीमा पाँचौं स्थानमा राख्ने योजना बनाएको सीएनएनले जापानको स्वास्थ्य मन्त्रालयलाई उद्धृत गर्दै जानकारी दिएको छ।

'कोरोनासँग जीवन बिताउने प्रयासलाई अगाडि बढाउन र जापानलाई सामान्य अवस्थामा पुऱ्याउनको लागि, हामी हालसम्मका विभिन्न नीति र उपायहरूलाई चरणबद्ध रूपमा परिवर्तन गर्नेछौं,' किशिदाले भन्नुभएको छ।

गत वर्षको अक्टोबरमा जापानले गत वर्षदेखि बन्द रहेका आफ्ना सिमाना विदेशीका लागि पुनः खोलेको थियो। सीएनएनका अनुसार यसले विश्वको सबैभन्दा कडा सीमा नियन्त्रणको अन्त्य गरेको थियो।

कोभिड-१९ बाट मृत्यु हुने वा अस्पताल भर्ना हुने जोखिम धेरैजसो मानिसहरूको उच्च स्तरको खोप र अघिल्लो सङ्क्रमणबाट जनसङ्ख्याको प्रतिरोधात्मक क्षमताका कारण धेरै कम भएको संयुक्त राज्य अमेरिकाको रोग नियन्त्रण तथा रोकथाम केन्द्र (सीडिसी) ले जनाएको छ।

अर्कोतर्फ, विश्व स्वास्थ्य सङ्गठनले अझै पनि कोभिडलाई महामारीको रूपमा गणना गर्दछ र आफ्नो पछिल्लो अपडेटमा कोभिड-१९ सँगको सम्पर्कमा आएका वा नजिकको सम्पर्कमा आएका मानिसहरूलाई मास्क लगाउन सिफारिस गरेको र 'भीडभाड, घेरिएको, वा कमजोर भएका जो कोहीलाई पनि मास्क लगाउन सिफारिस गरेको छ।

## त्रियानब्बेऔं जन्मदिनमा अन्तरिक्षयात्रीको बिहे

लस एन्जलस, ८ माघ (रासस-एपी)।

अन्तरिक्षयात्री एड्विन एल्डरिनले आफ्नो ९३औं जन्मदिनमा पुरानी प्रेमीका डा अन्का भी फौरसँग विवाह गर्नुभएको छ। सानो पारिवारिक जमघटका बीच आफूले लगनगाँठो कसेको एल्डरिनले सामाजिक सञ्जाल फेसबुकमार्फत जानकारी दिनुभएको हो। गत शुक्रबार उहाँले विवाह गर्नुभएको हो। शनिबारसम्ममा ५३ हजारले उहाँको 'स्टेटस ' लाई मनपराएर 'लाइक' र 'लभ' सङ्केत प्राप्त भएको थियोभने धेरैले नवदम्पतिको तस्विर 'पोष्ट' गरेका थिए। प्रेमीप्रेमिका भाग्ने उमेरका युवायुवतीजस्तै आफूहरू आल्हादित भएको उहाँले उल्लेख गर्नुभएको छ।

अन्तरिक्षयात्री निल आर्मस्टङसँगै एपोलो ११ मा चन्द्रयात्रा गर्नुभएका एल्डरिनले सन् १९६९ को जुलाई २० मा आर्मस्टडसँगै चन्द्रमाको सतहमा पाइला राख्नुभएको थियो। चन्द्रमामा मानव पुऱ्याएर सुरक्षितरूपमा उनीहरूलाई पृथ्वीमा फर्काउने तत्कालीन राष्ट्रपति जोन एफ् केनेडीको वाचा उहाँहरूले पूरा गर्नुभएको हो।

## सत्तरी प्रतिशत नागरिक राष्ट्रिय परिचयपत्रविहीन

काबुल, अफगानिस्तान, ८ माघ (रासस/एएनआई)।

अफगानिस्तानको पश्चिम प्रान्त फराहमा स्थानीय अधिकारीहरुले फराहरुद जिल्लाका कम्तीमा ७० प्रतिशत बासिन्दासँग राष्ट्रिय परिचयपत्र नभएको अफगानिस्तानको समाचार समिति टोलो जनाएको छ। तीस प्रतिशत बासिन्दासँग परिचयपत्र भएको फराहरुद जिल्ला गभर्नर मोहम्मद सादिकले टोलो समाचारलाई उद्धृत गर्दै जानकारी दिनुभएको छ। फराहरुदमा कम्तीमा १४ हजार मानिसले परिचयपत्र लिएका छन् भने बाँकी ७० हजारले राष्ट्रिय कागजात पाउन बाँकी रहेको राष्ट्रिय तथ्याङ्क तथा सूचना प्राधिकरण फराहको तथ्याङ्कले देखाएको छ।

## एक सातामा तेह्र हजार जनाको मृत्यु

बेइजिङ, ८ माघ (रासस/एएफपी)।

चीनमा गत जनवरी १३ देखि १९ को बीचमा लगभग १३ हजार कोभिड- १९ सङ्क्रमणको कारण मृत्यु भएको छ। गत जनवरी १२ सम्म अस्पतालमा कोभिडको कारण ६० हजार मानिसको मृत्यु भइसकेको थियो।

अस्पतालमा भर्ना भएका छ सय ८१ बिरामीको कोरोना भाइरस सङ्क्रमणका कारण श्वासप्रश्वासको समस्याबाट मृत्यु भएको र एघार हजार नौ सय ७७ जनाको सङ्क्रमणसँगै अन्य रोगका कारण मृत्यु भएका चीनको सेन्टर फर डिजिज कन्ट्रोल एण्ड प्रिभेन्सन (सिडिसि) ले शनिबार जारी एक विज्ञप्तिमा जनाएको छ। गत डिसेम्बरमा चीनले शून्य-कोभिड नीति त्यागेपछि यस रोगबाट ६० हजार भन्दा बढी मानिसहरूको मृत्यु भएको सिडिसिले जनाएको छ।

# सप्तरीमा मनाइयो सोनाम ल्होछार पर्व



**दैनिक समाचारदाता राजविराज, ८ माघ ।**

सप्तरीमा पनि तामाङ समुदायले २८५९ औं सोनाम ल्होछार पर्व आइतबार मनाएका छन् ।

जिल्लाको खडक नगरपालिका ७ स्थित मझौमा आइतबार २८५९ औं सोनाम ल्होछारको अवसरमा नेपाल तामाङ्ग घेदुङ सप्तरीद्वारा आयोजित शुभकामना आदानप्रदान कार्यक्रमलाई मधेश प्रदेश सभा सदस्य गोविन्द बहादुर न्यौपानेले सम्बोधन गरे ।

सम्बोधनका क्रममा प्रदेश सभा सदस्य न्यौपानेले तामाङ समुदायले आफ्नो पहिचान भेषभूषा र संस्कृतिलाई जर्गेना र संरक्षण गर्दै आर्थिक समृद्धि कायम गर्न अग्रणी भुमिका खेलेको बताए । उनले हरेक समुदायको सांस्कृतिक पहिचानलाई राज्यले संरक्षण गर्नुपर्नेमा जोड दिए ।

प्रमुख अतिथिको आसन्न बाट बोल्दै नेता न्यौपानेले साँस्कृतिक जगेर्नाको साथै आर्थिक रुपान्तरणको कार्यमा निरन्तर लाग्न तामाङ समुदायलाई आग्रह गर्दै संस्थागत विधालयहरुले नेपाल सरकारले आव्हान गरेको सार्वजनिक बिदाको अबज्ञा गरेको भन्दै असन्तुष्टि समेत व्यक्त गरे ।

सप्तरीमा निरन्तर तामाङ्ग समुदायले सोनाम ल्होछारको अवसरमा शुभकामना आदानप्रदान लगायत विभिन्न सांस्कृतिक कार्यक्रम गर्दै आएको आदिवासी जनजाति महासंघ सप्तरीका पूर्व अध्यक्ष वृजमान तामाङले जानकारी दिए ।

नेपाल तामाङ घेदुङ जिल्ला समन्वय समिति सप्तरीका अध्यक्ष सन्तमान गोलेको अध्यक्षता आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा नेपाल तामाङ घेदुङका संघीय सदस्य भिम बहादुर घिसिङ, नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य ललिता साह, आदिवासी जनजाती महासंघ सप्तरीका अध्यक्ष अरुण कुमार प्रधान, आदिवासी जनजाति पत्रकार महासंघ सप्तरीका पुर्व अध्यक्ष प्रिया सिंह थारु, धर्मिहल्फा महिला विकास क्लब सप्तरीका अध्यक्ष समाजसेवी ईन्जिनियर सुर्य नारायण यादवलगातयले शुभकामना मन्तव्य दिएका थिए ।

# महादेवा गाउँपालिकाद्वारा तीन सय सिरक बितरण



**दैनिक समाचारदाता राजविराज, ८ माघ ।**

सप्तरीको महादेवा गाउँपालिकाले ३ सय पूर्ण अपाङ्ग जन्मजात हिँडडुल गर्न नसकिने व्यक्तिहरुलाई आईतवार फाइबरको सिरक बितरण गरेको छ ।

महादेवा गाउँपालिकाको वडा नं. १ कार्यालयमा आयोजित सिरक बितरण कार्यक्रममा मा चिसोबाट प्रभावित ती व्यक्तिहरुलाई गाउँपालिका उपाध्यक्ष अर्चना कुमारी यादवले पालिकाका ६ वटै वडाका ३ सय पूर्ण अपाङ्ग जन्मजात हिँडडुल गर्न नसकिनेलाई सिरक बितरण गरेकी हुन् ।

उनले पालिकाबाट बिनियोजित गरिएको विपद् व्यवस्थापन कोषबाट सिरक खरीद गरि बितरण गरेको जानकारी दिइन् । उक्त अवसरमा गाउँपालिकाका लोसपाका युवा नेता सुरेन्द्र यादव, वडा सदस्य कमल प्रसेला लगायतको उपस्थिति रहेको थियो ।

# भारतमा दुई नेपालीको अपहरणपछि हत्या

महेन्द्रनगर (धनुषा), ८ माघ (रासस) ।

धनुषाको जनकपुरधामका दुई युवाको भारतमा अपहरणपछि हत्या भएको छ । जनकपुरधाम उपमहानगरपालिका-८ का २१ वर्षीय रोहित साह र वडा नं १३ का २२ वर्षीय विष्णु साहको हत्या भएको हो ।

दुवैजना गत पुस २७ गतेदेखि बेपत्ता थिए । सम्पर्कविहीन भएका उनीहरू एउटै परिवारका हुन । रोहित विष्णुलाई लिएर भारतको सीतामढी जिल्लाको बेला परिहार बस्ने एक नातेदारको घर गएका थिए । गत सोमबार विष्णुका परिवारलाई भारतीय नम्बरबाट अपहरणकारीले रु ५० लाख रकम माग गरेका थिए । विष्णुको परिवार अपहरणकारीलाई रु २० लाख दिन सहमत भएको उनको परिवारका एक सदस्यले बताए ।

अपहरणकारीले रु २० लाख लिएर सर्लाहीको मलङ्गवा नजिक नेपाल-भारत सीमा क्षेत्रमा बोलाएका थिए । यसबारे विष्णुको परिवारले प्रहरीलाई जानकारी गराएको थियो । "हामीले यसबारे भारतीय प्रहरीलाई खबर गऱ्यौं", धनुषाका प्रहरी नायब उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले भन्नुभयो- "भारतीय प्रहरीले दुई शव भेटेपछि आइतबार हामीलाई खबर गरेको हो ।"

भारत बिहारको सीतामढीमा खाडलमा गाडिएको अवस्थामा दुवै जनाको शव फेला परेको डिएसपी क्षेत्रीले बताउनुभयो । हत्यामा संलग्न भएको आशङ्कामा भारतीय प्रहरीले तीन जनालाई पक्राउ गरेको छ । नेपाल प्रहरीले पनि अन्य दुई जनालाई पक्राउ गरेर अनुसन्धान अघि बढाएको डिएसपी क्षेत्रीले बताउनुभयो ।

***सप्तरी काँग्रेसमा ...***

कार्यको भर्त्सना गरिएको छ ।

विज्ञप्तिमा भनिएको छ, "यसबाट संगठनको अहित हुने भएकोले यस किसिमका गैर जिम्मेवारी कार्य सभापतिलाई नगरिदिन हुन तथा संगठनलाई संस्थागत रुपमा नेपाली काँग्रेसको विधान, नियमावली, आदेश सिद्धान्तलाई आत्मसात गरी संगठनलाई अगाडी बढाउन हुन अनुरोध गर्दछौं ।"

अन्तमा विज्ञप्तिमा विधान अनुसार संगठनको कार्य नभए आन्दोलित हुन बाध्य तथा त्यसबाट उत्पन्न हुने सबै खाले घटनाको जिम्मेवार सभापति हुने उल्लेख छ ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध बनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोढुबी**
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

## व्यक्तिगत घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।

- व्यक्तिगत घटना ३५ दिन भित्रै आफ्नो स्थायी ठेगानाको वडा कार्यालयमा गई निशुल्क दर्ता गरौं गराऔं ।
- जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्तिले दिन सक्छन् ।
- विवाहको सूचना पति र पत्नी दुवैले दिनु पर्छ ।
- सम्बन्ध विच्छेदको सूचना अदालतको निर्णयसहित पति वा पत्नि कुनै एक पक्षले दिन सक्छन् ।
- बसाई सराई दर्ता गर्दा व्यक्ति आफूमात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको १८ वर्ष उमेर पुगेको व्यक्तिले सूचना दिनु पर्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit, City Express, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*